**राजदेवी न.पा.को दोस्रो नगरसभाका प्रमुख ज्यू ,**
**उपस्थीत सम्पूर्ण नगरसभाका सदस्य ज्यूहरु**

स्थानीय सरकारको दोस्रो पूर्णकालिन अवधि आ.व.०७५।०७६ नीति तथा कार्यक्रम यस सभामा प्रस्तुत गर्न पाउदा म अत्यन्तै गौरम्भावित छु । यस ऐतिहासिक अवसरमा संघीय लोकतान्त्रिक गणतन्त्रका लागि जीवन उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात सहिद प्रति हार्दिक श्रदान्जली एवं समग्र आर्थिक राजनीतिक सामाजिक परिर्वतनका लागि नेतृत्वदायी भूमीका निर्वाह गर्ने सबै अग्रज व्याक्तित्व प्रति उच्च सम्मान व्यक्त गर्न चाहन्छु ।

राजदेवी नगरपालिका रौतहट जिल्लामा अवस्थित एक सुन्दर, धार्मिक एवं प्राकृतिक स्रोतले सम्पन्न नगरपालिका हो । यो नगरपालिका २८.२१ वर्ग कि.मी.क्षेत्रफलमा फैलिएको भारतको सीमाना जोडिएको द्विदेशिय नाकामा अवस्थित सामरिक महत्वको नगरपालिका हो । यस नगरपालिकालाई भौगोलिक अवस्था एवं जनसंख्याको अनुपात अनुसार ९ वटा वडामा विभाजन गरिएको छ । २०६८ सालको जनगणना अनुसार यस न.पा.को जनसंख्या ३१२९२ रहेको छ ।

नेपालको संविधान २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मुल संचरना संघ,प्रदेश र स्थानीय तह गरि तिन तहको हुने तथा राज्यशक्तिको प्रयोग तीनै तहले कानुन बमोजिम गर्ने व्यवस्था अनुरुप यस गाँउपालिकाले वि.सं. २०७४ साल असोज २ गते सम्पन्न स्थानीय तहको निर्वाचन पश्चात संविधान र बिद्यमान ऐन कानून बमोजिम स्थानीय सरकारको प्रारम्भ भएको एक वर्ष पुरा भएको छ । संघको अस्पष्ट नीतिगत व्यवस्था एवं सांगठनीक संरचना, अप्रयाप्त जनशक्ति तथा सिमित स्रोतसाधन, भौगोलिक बिकटता, प्रशासनिक जटिलता लगायतका समस्यालाई चिर्दै यस अवधिमा यस न.पा.ले सम्पन्न गरेका कार्यक्रमहरुको समीक्षा एवं आगामी आर्थिक वर्षमा लिने नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

उपस्थित सम्पुर्ण महानुभावहरु, अब म चालु आ.ब.को वार्षिक नीति, कार्यक्रम तथा बजेटको समीक्षा गर्न अनुमति चाहन्छु ।

**१.१ गत आर्थिक वर्षको नीति कार्यक्रमको समीक्षा :**

आ.व.२०७४।०७५ मा यस न.पा.ले समग्र, सामाजिक, पुर्वाधार वातावरण विपद् व्यवस्थापन तथा संस्थागत विकास,सेवा प्रवाह र शुसासनका लागि अवलम्बन गरिएका नीति तथा कार्याक्रमको समीक्षा गर्न चाहान्छु ।

**१.१.१. आर्थिक क्षेत्र :**

आ.व.२०७४।०७५ को अन्त्य सम्ममा नगरपालिकाको समग्र कृषि, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी क्षेत्र तथा वित्तिय क्षेत्रमा **रु १३,५७,०००।००** रकम विनियोजन गरिएको थियो । यसबाट यस न.पा.का समग्र अर्थिक गतिविधिको प्रभावलाई देहाय बमोजिम गरिएको छ ।

**गत आ.व.का उपलब्धिहरु :**

कृषिजन्य पार्दाथ तथा वस्तुको उत्पादन तथा उत्पादत्व अभिबृद्धि भएको छ ।
कृषिमा बेमौसमी,आधुनिक बिऊ,बिजन तथा प्रविधि विस्तार भई कृषि उत्पादनमा विविधिकरण एवं व्यवसायीकरणको शुरुवात भएको छ ।